# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
धनगढी, कैलाली, सुदुरपश्चिम प्रदेश

प.स. रा. ०८१।०८२
च.नं.

**विषय: कवाड कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धी ७ दिने विद्युतीय बोलपत्र वा हार्डकपि आव्हानको सूचना ।**
**छैठौ पटक प्रकाशित मिति: २०८२।३।११**

**ठेक्का न.R3/DSMC/2082/083**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६१ बमोजिम यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल प्रचलित कानुन बमोजिम निषेधित मालसामान बाहेकका अन्य यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे बापत तीन आ.ब. (०८२।०८३,०८३।०८४ र ०८४।०८५ ) का लागि प्रत्येक बर्ष कबोल ठेक्का रकममा १० प्रतिशत रकम वृद्धि भएको रकममा नै वृद्धि हुने गरि कवाडी कर संकलन गर्न ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रहने गरी ७ दिने बिद्युतीय बोलपत्र वा हार्ड कपि आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिलका शर्तहरु

१. कवाडी कर संकलन रकम बढाबढका लागि न्यूनतम ठेक्का अंक मुल्य अभिवृद्धि कर र अन्य कर बाहेक रू.१,५३,००,०००। (अक्षरूपी एक करोड त्रीपन्न लाख मात्र ) कायम गरिएको छ ।
२. ठेक्काको अवधि प्रथम पटक आ.ब २०८२।०८३ को असार मसान्त सम्म कायम रहने छ र कार्य सम्पादनका आधारमा थप दुई आ.ब. २०८३।०८४ र २०८४।०८५ का लागि नबिकरण गरिनेछ ।
३. फर्म वा कम्पनीहरूले ठेक्का प्रकृयामा समावेश हुनका लागि आ.व. २०८०।०८१ को आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।
४. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न गराउन पाईने छैन, तोकिएको सिमाभन्दा बाहिर गई कर असुली गरेको जानकारी प्राप्त हुन

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

आएमा वा प्रमाण फेला परेमा यस कार्यालयले जुनसुकै वेला ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

५. बिद्युतीय माध्यमबाट बोलपत्र वा हार्ड कपि दाखिला गर्दा बोलपत्र खरिद वापतको रकम रू ३०००। (पछि फिर्ता नहुने गरी) राजश्व पोर्टल sutrarevenue.fcgo.gov.np मा गई तेकिएको दररेट अनुसार राजश्व शिर्षक न. १४२२९ बाट अन्य प्रशासनीक सेवा शुल्क मार्फत खरिद गरी प्राप्त भौचर समेत संलग्न गरी बोलपत्र पेश गर्नु पर्नेछ । HARD COPY पेश गर्नेले राजश्व शाखाबाट नगद रु. ३,०००। (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

६. बोलपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२ बजे भित्र पेश गरिसक्नु पर्नेछ र सोही दिन दिउंसो २:०० बजे बोलपत्र खोलिने हुंदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, बोलपदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ ।

८. बोलपत्र दर्ता गर्दा बोलपत्र दाताले आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता (हि.न. ४१७०१००३०३००००२ ) मा जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको "क" वर्ग को बाणिज्य बैंकहरूको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्ने छ । बोलपत्रमा समावेश हुनका लागि HARD COPY वा अनलाईन www.bolpatra.gov.np/egp बाट सहभागी हुनु पर्नेछ ।

९. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको ३ किस्ता मध्ये प्रथम किस्ता बराबरको नगद रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्ने छ र एक वर्षको स्वीकृत ठेक्का रकमले (भ्याट सहित) हुन आउने रकमको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा १५ महिना अबधि सम्मको लागि जारी गरिएको

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
धनगढी, कैलाली, सुदुरपश्चिम प्रदेश

प.स. रा. ०८१।०८२
च.नं.

परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ

१०. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम दुई किस्तामा (दोश्रो किस्ता कार्तिक मसान्त भित्र र तेश्रो किस्ता फाल्गुन मसान्त भित्र) बुझाउन पर्नेछ ।

११. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ साथै म्याद नाघी आएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

१२. कुनै पनि अवस्थामा कर छुटको लागि हक दाबी गर्न पाईने छैन । संकलन गर्ने करको दर रेट यस कार्यालयको आर्थिक ऐन अनुसार हुनेछ । बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ । करको दर रेट हेर्नका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१४. यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ ।

१५. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरूजु उल्लेख भएका फर्म वा कम्पनीहरूले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरूजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सुचित गरिन्छ ।

१६. यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np वा bolpatra.gov.np/egp बाट समेत हेर्न सकिनेछ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश

बोलपत्र दस्तुर रू. ३०००।

| सि. न | ठेक्का कार्यको विवरण | न्यूनतम बढाबढ हुने ठेक्का रकम मु.अ.कर बाहेक | कवोल गरेको वार्षिक ठेक्का रकम (मु.अ.क.बाहेक) | | धरौटी रकम |
|---|---|---|---|---|---|
| | | | अंकमा रू. | अक्षरमा रू. | |
| १ | कवाड कर संकलन गर्ने कार्यका लागि कवोल गरेको ठेक्का रकम । ठेक्का न.R3/DSMC/2082/083 | १,५३,००,०००। | | | |

<u>बोलपत्र पेश गर्नेको तर्फबाट:</u>

नाम:

फर्म वा कम्पनीको नाम:

ठेगाना:

दस्तखत:

फोन नं.:

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत